# युवा स्वरोजगार कोष र सीटीईभीटी बिच सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न



विगत एक दशक भन्दा अघिदेखी वेरोजगार युवाहरुलाई स्वरोजगार मूलक व्यवसायिक परियोजना सञ्चालनको लागि वित्तिय सहयोग गर्दै आएको युवा तथा साना व्यवसायी स्वरोजगार कोष र नेपालको प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिमको क्षेत्रमा विभिन्न पेशा व्यवसायमा युवा लक्षित छोटो तथा लामो अवधिको सीपमूलक तालिम सञ्चालन गर्दै आएको प्राविधिक तथा व्यवसायिक तालिम परिषद्ले आ-आफ्नै क्षेत्रमा उल्लेख्य योगदान गर्दै आएका छन् ।

वेरोजगार युवाहरुलाई स्वरोजगार बनाउने उद्धेश्यले बिना धितो सहुलियत ब्याजदरमा कर्जा लगानी गरी राखेको युवा स्वरोजगार कोषले श्रम बजारको माग, स्थानीय स्तरको आवश्यकता र युवाहरुको चाहना र क्षमता अनुसारका युवा स्वरोजगार कोषबाट कर्जा सुबिधा उपयोग गरेका व्यवसायी तथा भविश्यमा कर्जा सुबिधा उपयोग गर्ने संभावित व्यवसायीहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपमूलक तालिम प्रदान गरी दक्ष जनशक्ति तयार गर्ने र त्यस्ता जनशक्तिहरुलाई कोषसंग सहकार्य गरेका विभिन्न बैंक, वित्तिय संस्था तथा सहकारी संस्था मार्फत कोषको नियमानुसार कर्जा लगानी गरी आफ्नै साना व्यवसाय तथा लघु उद्योग स्थापना गर्ने हेतुले परिषदसंग आवश्यक समन्वय तथा सहकार्य गर्न आवश्यक भएको महसुस गरी युवा तथा साना व्यवसायी स्वरोजगार कोष र प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद विच मिति २०७८ पोष २२ गते एक समझदारी पत्रमा हस्ताक्षर सम्मन्न भयो ।

समझदारी पत्रमा कोषका कार्यकारी निर्देशक विश्वमोहन अधिकारी र सीटीईभीटीका सदस्य सचिव जीवनारायण कार्कीले हस्ताक्षर गर्नुभएको थियो ।

हस्ताक्षरको क्रममा सीटीईभीटीका सदस्य सचिव जीवनारायण कार्कीले वार्षिक श्रम बजारमा आउने युवाहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षा, सीपमूलक तालीम र उद्यमशीलताको विकास मार्फत रोजगारी सृजना गर्न सघाउ पुग्ने धारणा राख्नु भयो भने कोषले निर्धारण गरेको लक्षित वर्गका वेरोजगार युवाहरु तथा विदेशबाट सीप आर्जन गरेर स्वदेश फर्केका निम्न वर्गिय परिवारका युवाहरुलाई स्वरोजगार बनाई आत्मनिर्भर अर्थतन्त्रमा बनाउन यस सम्झौताले सघाउ पुऱ्याउने कोषका कार्यकारी निर्देशक विश्वमोहन अधिकारीले जानकारी गराउनु भयो ।